तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२
चलानी नं. :-

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०२

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखाको चालु आ व ०८१/८२ को वार्षिक स्विकृत कार्यक्रम अनुसार निम्न बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित मितिले १५ दिन भित्र( मितिः २०८१/०८/१४ गते सम्म) यस कार्यालयमा तपशिलको कागजातहरु सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न कागजात , जि टु जि कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१ यस कार्यालयको सूचना पाटी / *वेबसाईटःwww.tulsipurmun.gov.np* बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागी कार्यालयको सम्पर्क नम्बर ०८२-५२००१६ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने वेहोरा जानकारी गराईन्छ ।

तपसिलः

| सि नं | कार्यक्रम | मापदण्डहरु | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषक/ कृषक समुह तथा सिमान्तकृत समुदायलाइ हाइब्रीड तरकारीको मिनिकीट प्रदर्शन | कृषक समुहहरु/ कृषि सहकारी/ सिमान्तकृत समुदाय, महिला समुह दलित तथा मुक्त कम्लहरी र अन्य कृषकहरुलाइ सुचिकृत हाइब्रीड/ उन्नत तरकारी को वीउ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र । | मौसम अनुसारका तरकारीका वीउहरु वितरण | निशुल्क |

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

# तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## तुलसीपुर, दाङ

## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२

चलानी नं. :-

| | | | | |
|---|---|---|---|---|
| २ | ५० प्रतिशत अनुदानमा प्लाष्टीक टनेल वितरण | कृषक, कृषक समूह वा कृषिसहकारी संस्था र फर्म दर्ता भएको हुनु पर्ने । प्लाष्टिक टनेलका लागी सुचना भए पश्चात आवश्यक परिमाण कृषि शाखामा वडा कार्यालयको सिफारीस पत्र सहित माग गर्नुपर्नेछ । | प्लाष्टिक टनेल, खरिद /ढुवानी | लागत मूल्यको ५०% अनुदानमा प्लाष्टिक टनेल, उपलब्ध गराउन सकिनेछ |
| ३ | थोपा सिचाई प्रदर्शन | कृषक, कृषक समूह वा कृषि सहकारी संस्था र फर्म दर्ता भएको हुनु पर्ने । प्लाष्टिक टनेलका लागी सुचना भए पश्चात आवश्यक परिमाण कृषि शाखामा वडा कार्यालयको सिफारीस पत्र । | कृषकहरुलाइ निशुल्क थोपा सिँचाई ६ लाइनको प्लाष्टीकप्रदर्शनीका रुपमा ड्रम २०० लिटरको उपलब्ध गराइने छ । | निशुल्क |
| ४ | भर्मि कम्पोष्ट प्रर्दशन | कृषक, कृषक समूह वा कृषि सहकारी संस्था र फर्म दर्ता भएको हुनु पर्ने । वडा कार्यालयको सिफारीस पत्र | कृषकहरुलाइ प्रदर्शनीका रुपमा उपलब्ध गराइने छ । | निशुल्क |
| ५ | मिनिटिलर सहयोग कार्यक्रम ५० प्रतिशत अनुदान | कृषक समूह वा कृषि सहकारी संस्था र फर्म दर्ता भएको हुनु पर्ने, वडा कार्यालयको सिफारिस पत्र,मिनिटिलर लागी सुचना भए पश्चात आवश्यक कागजात सहित कृषि शाखामा आवेदन पेश गर्नु पर्नेछ । | मिनिटिलर खरिद तथा वितरण | लागत मुल्यको ५०% अनुदानमा मिनिटिलर उपलब्ध गराउन सकिनेछ । |

क्रमशः

तुलसीपुर उपमहानगरपालिकाको फोन : ०८२-५२०३२६/५२२२८३/५२०५८२/५२०२३३, वारुण यन्त्रः ०८२-५२०३०५ ईमेल:tulsipursubmun2073@gmail.com/info@tulsipurmun.gov.np,
वेबसाईट:www.tulsipurmun.gov.np

# तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## तुलसीपुर, दाङ

## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२

चलानी नं. :-

| | | | | |
|---|---|---|---|---|
| ६ | साना सिंचाई कार्यक्रम अन्तर्गत मोटर तथा सिंचाइ पाइप ८५ प्रतिशत अनुदानमा वितरण | प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक/कृषकसमूह/ कृषि सहकारी संस्था वा निजि फर्म , सिंचाई कार्यक्रमबाट कम्तिमा ०.५ हेक्टर क्षेत्रमा क्षेत्र विस्तार हुनु पर्नेछ, वडा कार्यालयको सिफारिस पत्र । | इलेक्ट्रीक मोटर तथा सिचाइ पाइप सम्बन्धित वडा कार्यालयको प्राविधिकले लागत अनुमान अनुसार हुनेछ । | सिंचाइ आयोजना निर्माणको लागी खर्च हुने कुल रकममा ८५% वा अधिकतम रु ५०,०००।म ध्ये जुन कम आउँछ सो रकम अनुदान दिन सकिनेछ । |

संलग्न गर्नुपर्ने कागजातहरु:

१. प्रस्तावको निवेदन अनुसूचि
२. तुलसीपुर उपमहानगरपालिकामा दर्ता/ नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (सूमह/निजी फर्म/कम्पनी/सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. कार्यक्रम संचालनको लागी व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव ( कार्यक्रमको प्रकृति अनुसार) ।
५. सम्बन्धित वडा कार्यालको सिफारिस पत्र ।
६. प्रस्ताव स्विकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको निर्णय प्रतिलिपी ।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
९. जग्गाको लालपूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिइ कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र ।

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिकाको फोन : ०८२-५२०३२६/५२२२८३/५२०५८२/५२०२३३, वारुण यन्त्र: ०८२-५२०३०५ ईमेल:tulsipursubmun2073@gmail.com/info@tulsipurmun.gov.np, वेबसाईट:www.tulsipurmun.gov.np